नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# नेपाल गुणस्तर तथा नापतौल विभाग

बालाजु, काठमाडौं

## सूची दर्ता गर्ने सम्वन्धी सूचना

(सूचना प्रकाशित मिति २०७८/०४/११)

प.सं.

च.न.

यस विभागको आ.व.२०७८/७९ को लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क. बमोजिम मौजुदा सूची अध्यावधिक गर्नुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ता फर्म/कम्पनी/सँस्थाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (१) बमोजिम तोकिएको ढाँचामा यस विभागको प्रशासन शाखामा आवश्यक कागजात सहित आफूले उपलव्ध गराउने सामान सेवाको विवरण समेत खोली छुट्टा छुट्टै निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सामान आपूर्ति तर्फ | सेवा आपूर्ति तर्फ |
|---|---|
| १ मसलन्द कार्यालय सामानहरु | १ इन्टरनेट सेवा |
| २ छपाई सम्वन्धी कार्य | २ फोटोकपी प्रिन्टर कम्प्युटर फ्याक्स मेसीन तथा यु.पि.एस.जस्ता मेसीनरी मर्मत सेवा |
| ३ फर्निचर फिक्चर्स तथा फर्निसिङ्ग | ३ रेफ्रिजेरेटर पंखा कुलर टेलिफोन तथा सि.सि.टि.भि.क्यामरा मर्मत |
| ४ विधुतीय सामाग्रीहरु | ४ स्यानिटरी तथा प्लम्विङ्ग सेवाहरु |
| ५ मिनरल वाटर (शुद्ध पिउने पानी जार र बोतलमा) | ५ सुरक्षा सरसफाई सेवाहरु |
| ६ विभिन्न ब्राण्डका हलुका तथा भारी सवारी साधनहरुको स्पेयर पार्टस् | ६ विभिन्न सवारी साधनहरु मर्मत सेवा |
| ७ फोटोकपी प्रिन्टर कम्प्युटर फ्याक्स इलेट्रोनिक ईलेकट्रिकल मेसीन तथा पार्टपूर्जाहरु | ७ जेनेरेटर मर्मत सेवा |
| ८ स्यानिटरी तथा प्लम्विङ्ग सामानहरु | ८ इलेक्ट्रिकल टेलिफोन तथा नेटवर्किङ्ग कार्य |
| ९ सरसफाई सम्वन्धी सामानहरु | ९ कुरियर सेवा विज्ञापन तथा सुचना प्रकाशन सम्बन्धी |
| १० प्रयोगशाला केमिकल तथा ग्लास वेयर्स सम्वन्धी सामान | १० विभिन्न किसिमका डकुमेन्ट्री निर्माण |
| ११ टाँचा आपूर्ति तथा मर्मत | ११ सानातिना निर्माण रंगरोगन तथा मर्मत सम्भार सेवा |
| | १२ वेभसाइट तथा सफ्टवेयर डिजाइन निर्माण र मर्मत सेवा |
| | १३ विभिन्न प्रकृतिका अध्ययन सम्वन्धी परामर्श सेवा |
| | १४ प्रयोगशाला उपकरण मर्मत |

**सार्वजनिक खरिद नियमावली २०७४ को नियम १८(१) वमोजिम अनुसूची २ क. मा तोकिएको ढाँचाको निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. फर्म दर्ता व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. मु.अ.कर र प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि मु.अ.करमा दर्ता हुनु नपर्नेको हकमा सो सम्वन्धी आधिकारिक प्रमाणको प्रतिलिपि ।

३. आ.व.२०७६/७७ सम्मको करचुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।

४. कुनै सामान आपूर्ति वा सेवा दिने कार्यको लागि व्यवसायिक इजाजत प्रत्र आवश्यक भएमा सो को प्रमाणित प्रतिलिपि ।

**सर्तहरु**

क) आफ्नो फर्मले जुन कार्य गर्न वा सामान आपूर्ति वा सेवा दिने इजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूची दर्ता गराउन सकिनेछ ।

ख) आवश्यक कागजात संलग्न नभएका निवेदन उपर कुनै कारबाही हुने छैन ।

ग) प्राप्त निवेदनलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने अधिकार विभागमा निहित रहनेछ ।

शाखा अधिकृत